# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ५ राजापुर, पौष १६ गते २०८० साल संख्या - १८

# भाग २

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८०।०९।११ गते पारित भई नगर प्रमुखबाट मिति २०८० पौष १३ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

राजापुर नगरपालिकाको मोटर बोट सञ्चालन कार्यविधि २०८०

राजापुर नगरपालिकामा युएसएआईडीको तयार नेपाल परियोजनाबाट बाढीको समयमा खोज तथा उद्धार गर्न र अन्य समयमा पर्यटन प्रबद्र्धनमा सहयोग गरि आय आर्जनमा सहयोग पुग्ने गरि व्यवस्थापन गर्न भनि उपलब्ध गराईएको मोटर बोट सञ्चालनको लागि राजापुर नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्य विधिको नाम मोटर बोट सञ्चालन कार्यविधि, २०८० रहेको छ।
   २) यो कार्यविधि कार्यपालिकाले स्विकृत गरे पश्चात तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:
   - क) ऐन भन्नाले स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८ सम्झनु पर्दछ।
   - ख) व्यवसायिक प्रतिष्ठान भन्नाले उद्योग कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यपारिक भवन, संयुक्त आवासीय भवन, होटेल, रिसोर्ट, पार्टी प्यालेस, पेट्रोल  पम्प लगायत उद्योग व्यवसाय गर्ने संस्था सम्झनु पर्दछ।
   - ग) समिति भन्नाले मोटर बोट सञ्चालन समिति सम्झनु पर्दछ।

३. **यो मोटर बोट सञ्चालनको** लागि स्थानीय विपद् व्यवस्थापन समितिले एउटा ५ जना सम्मको एक समिति बनाई अधिकार प्रत्यायोजन गर्ने छ।

४. **मोटर बोट सञ्चालन समितिमा देहाय बमोजिमको समिति रहने छः**

| | |
|---|---|
| क) नगर प्रमुखः | सयोजक |
| ख) नगर उपप्रमुख: | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृतः | सदस्य |
| घ) वन तथा वातावरण शाखा प्रमुखः | सदस्य |
| ङ) विपद् सम्पर्क /आपतकालिन कार्य सञ्चालन केन्द्र प्रमुखः | सदस्य सचिव |

५. **मोटर बोट सञ्चालन समितिको काम कर्तव्य र अधिकारः**
   - क) मोटर बोट सञ्चालन समितिले मोटर बोट चलाउनको लागि दक्ष व्यक्ति उत्पादनको लागि आवश्यक तालिमको व्यवस्था मिलाउने।
   - ख) तालिम दिँदा मर्मत सम्भारको समेत जानकारी हुने गरि व्यवस्था मिलाउने।
   - ग) मनसुनको समयमा खोज तथा उद्धारको लागि प्रयोग गर्ने गराउने।
   - घ) मनसुनको समय बाहेक मोटर बोटलाई कहाँ प्रयोगमा ल्याउने हो स्थान निर्धारण गर्ने। कर्णाली र गेरुवा नदी वा अन्य तालमा पनि प्रयोग गर्न सकिने गरि व्यवस्था मिलाउने।
   - ङ) मनसुनको समय बाहेकको समयमा आन्तरिक वा वाह्य पर्यटन प्रवद्र्धनको लागि प्रयोग गर्ने गराउने।
   - च) मोटर बोटलाई सञ्चालन गर्न २ /३ जनालाई तालिम प्रदान गरि जिम्मा दिने।
   - छ) तालिम पश्चात निज व्यक्तिहरुलाई नियुक्ती दिने र उनीहरुको काम कर्तव्यलाई प्रष्ट पार्ने।

ज) मोटर बोटमा आन्तरिक तथा वाह्य पर्यटक सवार गरे वापतको शुल्क निर्धारण गर्ने । उक्त शुल्क निर्धारण पश्चात यसै कार्यविधिको अनुसूचि १ बमोजिम हुनेछ ।

झ) निर्धारण गरिएको शुल्क कडाईका साथ लागु गर्ने

ञ) प्रत्येक दिनमा भएको आम्दानी राजापुर नगरपालिकाकोआन्तरिक राजश्व खातामा आम्दानी बाँध्न लागाउने ।

ट) मोटर बोट मर्मत गर्नुपर्ने भएमा राजापुर नगरपालिकाले मर्मत सम्भार गर्ने ।

ठ) मोटर बोटमा सिट संख्यामा आधारित लाईफ ज्याकेट राख्ने ।

ड) कुनै पनि यात्रु वा पर्यटकलाई विना लाईफ ज्याकेट सवार नगर्ने नगराउने ,

ढ) मोटर बोट सञ्चालनमा राखेका व्यक्तिहरुको पारिश्रमिकको व्यवस्था गर्ने ।

ण) मोटर बोट सञ्चालनमा राखिएका व्यक्ति र सवार व्यक्तिको विमाको व्यवस्था गर्ने गराउने ।

त) मोटर बोट सञ्चालनमा रखिएका व्यक्तिहरुलाई मोटर बोटमा सवार व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान राख्न जिम्मेवार बनाउने ।

थ) मोटर बोट सञ्चालन गर्ने समय बिहान सूर्य उदाउने देखि साँझ सूर्य अस्ताउदा सम्म निर्धारण गर्ने । रातको समयमा जोखिम हुने भएकोले आपतकालिन अवस्था बाहेक सञ्चालनमा रोक लगाउने ।

द) मोटर बोट सञ्चालन भएको नभएको वा व्यवस्थित भए नभएको समय समयमा अनुगमन गर्ने सुझावहरु, सल्लाह र निर्देशन दिने ।

ध) मोटर बोट मार्फत नेपालको कानुनले बन्देज गरेको कार्य वा गतिविधि गर्न रोक लगाउने वा निषेध गर्ने गराउने ।

न) मोटर बोटको सञ्चालनको जिम्मा तोकिए बमोजिम हुनेछ ।

**६. मोटर बोट सञ्चालनको जिम्मा लिने व्यक्ति वा फर्मको काम कर्तव्य र अधिकार:**

क) नगरपालिकाको मोटर बोट सञ्चालन समितिले दिएको निर्देशन पालना गर्ने गराउने ।

ख) मोटर बोटलाई बाढीको समयमा खोज तथा उद्धारको लागि प्रयोग गर्नु पर्ने छ ।

ग) फर्म वा अन्य व्यवसायिक प्रतिष्ठानको हकमा मोटर बोटको मर्मत सम्भार गर्ने र सुरक्षाको व्यवस्था गर्नुपर्नेछ ।

घ) मोटर बोट सञ्चालन समितिको निर्णय अनुसार मोटर बोटलाई आन्तरिक वा बाह्य पर्यटकहरुको लागि निश्चित शुल्क यस कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

ङ) नेपालको कानुनले बन्देज लगाएको कुनै पनि कार्य गर्न पाईने छैन ।

च) मोटर बोटलाई तोकिएको क्षेत्र भन्दा बाहीर प्रयोग गर्न पाईने छैन ।

**७. मोटर बोट सञ्चालन गर्ने व्यक्ति वा फर्म छनौट विधि:**

क) राजापुर नगरपालिकाको सूचना पाटी तथा सामाजिक सञ्जालमा सूचना प्रकाशित गरिने छ ।

ख) कुनै व्यक्ति वा फर्मलाई ठेक्कामा पनि दिन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

ग) दैनिक हाजिरी अनुसार कर्मचारी नियुक्ती गरी सञ्चालन पनि गर्न सकिने छ। यसको निर्णय गर्ने अधिकार मोटर बोट सञ्चालन समितिलाई दिईने छ।

घ) कर्मचारी नियुक्ती गरि गरिने बाहेकको जस्तै ठेक्काको लागि भने दैनिक हिसाव राखिराख्नु पर्ने आवश्यक रहेन।

ङ) मोटर बोट सञ्चालनका लागि व्यक्ति वा फर्म वा व्यवसायिक प्रतिष्ठान छनौटको कार्य मोटर बोट छनौट समितिले नै गर्नेछ। यसरी छनौट गर्दा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० बमोजिम अवलम्बन गरिनेछ।

च) कुनै फर्म वा व्यवसायिक प्रतिष्ठानले जिम्मा पाउने अवस्थामा भने ठेक्काको वार्षिक रकमको २५% मोटर बोट जिम्मा लिनु भन्दा पहिला नै जम्मा गर्नु पर्नेछ।

छ) मोटर बोट सञ्चालनको जिम्मा व्यवसायिक प्रतिष्ठानलाई पनि दिन सकिने छ। तर माथि उल्लेखित सर्त भने पालना गर्नुपर्नेछ।

८. **निजी क्षेत्र सम्बन्धी व्यवस्था:**

क) निजी क्षेत्रले संचालन गर्न खोजेमा नगरपालिकाको अनुमति लिई तोकिएको दस्तुर तिरी संचालन गर्न सक्नेछ।

ख) अनुमति लिदा पेश गर्नु पर्ने कागजातहरु पेश गर्नु पर्ने छ।

(१) कम्पनी दर्ता।

(२) खरिद गरेको कागजातहरु

(३) नगरपालिकाले बनाईएका मापदण्द स्विकार गर्ने प्रतिवध्धता

(४) विमा गरेको कागजात

९. **अन्य व्यवस्था:**

क) मोटर बोट सञ्चालन समितिले सञ्चालनमा अरु थप आवश्यकताका आधारमा कार्य विधिलाई शंसोधन गर्न सक्नेछ।

ख) मोटर बोट सञ्चालन समितिले सिफारिस गरेमा मोटर बोट मर्मत सम्भारको लागि नगरपालिकाले आवश्यकताका आधारमा बजेट विनियोजन गरि व्यवस्थापन गर्ने छ।

ग) मोटर बोट संचालनको क्रममा कोहि कसैले आफ्नै जिद्धिपनका कारण नदीमा हाम फाल्ने, चालकको निर्देशन नमान्ने गरेको कारण धनजनको क्षती हुन गएमा त्यसको जिम्मेवार स्वंयम व्यक्ति हुनुपर्नेछ।

घ) राजापुर नगरपालिकामा संचालित मोटरबोट राजापुर नगरकार्यपालिकामा दर्ता गरि संचालन गर्नुपर्नेछ।

१०. **बचाउ र खारेजी** : मोटरबाट संचालनको लागि लिइएको शुल्क, मोटरबोट मर्मत र मोटरबोटको संचालनका लागि कर्मचारीको व्यवस्थापनको ज्याला यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूचि १

दफा ५ को उपदफा (ज)सँग सम्बन्धित

मोटर बोट प्रयोग गरे वापत लाग्ने शुल्क

| क्र.सं. | विवरण | प्रयोग गरेवापतको शुल्क दर रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रति कि. मि. | ३००। | |